# विद्युत नियमन आयोगको सार्वजनिक सुनुवाईमा उपस्थित हुने बारे

नेपाल विद्युत प्राधिकरणले यस आयोग समक्ष एस सी पावर कम्पनि प्रा.लि द्वारा प्रबर्द्धित तिला गुफा गाउँपालिका, महाबु गाउँपालिका र खाडाचक्र नगरपालिका, कालीकोट, कर्णाली प्रदेशमा अवस्थित (क) तिला १ जलविद्युत आयोजना (२९८.७५ मे.वा) र (ख) तिला २ जलविद्युत आयोजना (२९६.७४ मे.वा) (ग) जगदुल्ला हाईड्रोपावर कम्पनि लि. द्वारा प्रबर्द्धित जगदुल्ला र मुड्केखोला गाउँपालिका डोल्पा जिल्ला कर्णाली प्रदेशमा अवस्थित जगदुल्ला अर्थजलाशययुक्त जलविद्युत आयोजना (१०६ मे.वा) बाट उत्पादन हुने विद्युतको खरिदबिक्री दर निर्धारण तथा विद्युत खरिद सम्झौतामा सहमतिको लागि पेश भएको निवेदन उपर छलफल गर्न सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरिने भएकाले उपभोक्ता, उद्योगी, व्यवसायी, स्थानिय बासिन्दा, प्रतिनिधिमूलक संस्थाहरु, संचार माध्यम, स्थानीय तहका प्रतिनिधि, तथा सरोकारवालाहरुलाई सो कार्यक्रमा सहभागी हुन आह्वान गरिन्छ । सरोकारवालाहरुले आयोगको कार्यालयमा लिखित रुपमा एवम् आयोगको इमेल ठेगाना (info@erc.gov.np) मार्फत समेत आफ्ना राय, सुझाव तथा प्रतिकृया पेश गर्न सक्ने व्यहोरा जानकारी गराइन्छ। यस सम्बन्धमा बिस्तृत जानकारी आयोगको आधिकारिक वेवसाईट www.erc.gov.np मा हेर्न सकिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम स्थान** :

विद्युत विकास विभागको सभाहल (पाँचौं तल्ला), सानो गौचरण, काठमाण्डौ ।

**कार्यक्रमको मिति, समय र स्थान** : २०७९।१२।०८ गते बुधबार दिउँसो ११ बजे देखि ५ बजे सम्म,

**website link:**